# नेपालगञ्ज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके

लुम्बिनी प्रदेश, नेपाल

**Digital** नगर प्रोफाईल र **Wash Plan** निर्माणको लागि गणक (तथ्यांक संकलनकर्ता) करारमा भर्ना लिन दरखास्त आह्वानको सूचना

**सूचना प्रकाशनको मिति : २०७७ /०८/२३**

यस नेपालगञ्ज उप-महानगरपालिकाको प्रत्येक वडा अनुसारको विभिन्न सूचकहरुको तथ्यांक संकलन गरी नगरपालिकाको अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा लगायतका कार्यहरुको लागि भरपर्दो र विश्वसनीय तथ्यांकमा आधारित **Digital** नगर **Profile** (नगर पाश्वचित्र) निर्माणका साथै पालिकास्तरमा विद्यमान खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको विवरण संकलन गरी **Wash Plan** समेत निर्माण गर्ने प्रयोजनको लागि तथ्यांक संकलन गर्ने गणक (तथ्यांक संकलनकर्ता) करारमा भर्ना गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको वातावरण तथा सरसफाई शाखामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पद : गणक (तथ्यांक संकलनकर्ता)**

**संख्या : ६० (साठी जना) ।**

**आवश्यक योग्यताका कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

२. शैक्षिक योग्यता : नेपाल सरकारको मान्यता प्राप्त शैक्षिक सस्थाबाट १०+२ पास वा सो सरह को प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी ।

३.उमेर : पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

४. प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको ।

५. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

६. Android or Smart Mobile भएको ।

७. कुनैपनि सरकारी नगदी वा जिन्सी बाँकि नभएको ।

८. नैतिक पतन देखिने फौजदारी अभियोग अदालतवाट कसूरदार नठहरिएको ।

९. दरखास्त दस्तुर : उल्लेखित पदको लागि रु. २०० ( दुई सय मात्र ) ने.उ.म.पालिकाको आन्तरिक राजश्व शाखामा राजश्व बुझाएको सक्कलै भौचर ।

१०. करार अवधि : बढीमा २ महिना ।

११. छनौट प्रक्रिया : अन्तरवार्ता / प्रयोगात्मक ।

१२. सेवा सुविधा : एक घर परिवारको दुईवटै कार्यक्रमको तथ्याकं संकलन गरे वापत रु. ६० (साठी मात्र ) ।

१३. आवेदन फारम नेपालगञ्ज उप-महानगरपालिकाको वेवसाइट nepalgunjmun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

**नोट : नेपालगञ्ज उप-महानगरपालिका स्थायी बासिन्दालाई विशेष प्राथमिकता दिइनेछ ।**

(प्रमुख प्रशासकीय अधिकृत)

नेपालगञ्ज उप-महानगरपालिका